# स्थानीय राजपत्र

**बारेकोट गाउँपालिका, गाउँ सभाद्वारा प्रकाशित**

**खण्ड : ४** **संख्या : ९** **मिति : २०८१/०३/२५**


## भाग-१

## बारेकोट गाउँपालिकाको बिनियोजन ऐन, २०८१

गाउँ सभाबाट पारित मिति : २०८१।०३।१४

बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरूको लागी स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावनाः**

बारेकोट गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम बारेकोट गाउँसभाले यो ऐन पारित गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम “बारेकोट गाउँपालिकाको बिनियोजन ऐन २०८१" रहेको छ ।

(२) यो ऐन बारेकोट गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८१/२०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०८१/२०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, बिषयगत शाखाले, गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि (१) मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यबस्थाको रकम समेत गरि जम्मा रु. ४१८५७१८३८।- (एक्चालिस करोड पचासी लाख एकत्तर हजार आठ सय अठतिस रुपैयाँ) मा नबडाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०८१/२०८२ को निमित्त बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले सेवा र कार्यहरुको लागी बिनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५% (पच्चीस प्रतिशत) मा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र बित्तीय व्यबस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानि खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो शिर्षकको जम्मा स्वीकृत रकमको २५% (पच्चीस प्रतिशत) भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

(४) विविध : १ आयोजना व्यवस्थापन खर्च (कन्टिजेन्सी) सम्वन्धमा तोकिए बमोजिम गर्ने।

(५) आर्थिक वर्ष २०७८०/०८१ को असार मसान्तसम्म निरन्तररुपमा कार्य गरी कार्य सम्पादन स्तर राम्रो एवम् सन्तोषजनक भएका कर्मचारीहरुको करार अवधि गाउँपालिकाको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण

बमोजिम श्रमसम्वन्धी कानून र गाउँपालिकाको आर्थिक स्रोत समेतको आधारमा कम्तिमा साविकको सेवा शर्त र सुविधा कायम हुने गरि गाउँ कार्यपालिकाले थप गर्न सक्नेछ । करार कर्मचारीको करार सेवा अवधि थप गर्दा निजले २०८० असार मसान्तसम्म सम्पादन गरेको कार्य सम्पादन स्तर मापन गर्नुपर्नेछ । कार्यबोझ र कर्मचारीले पुरा गरेको जिम्मेवारीको स्तर हेरेर थप व्ययभार नहुने गरि गाउँ कार्यपालिकाले पारिश्रमिक तोक्न सक्नेछ।गाउँ कार्यपालिकाले कर्मचारीको कार्य सम्पादन स्तर, सेवाको प्रकृति र कार्यालयको कार्य बोझ समेतलाई विश्लेशन गरी एक प्रकृतिको पदमा करार सेवामा कार्यरत कर्मचारीलाई अर्को प्रकृतिको पद वा सेवा समूहमा काम गर्ने गरि जिम्मेवारी तोक्न वा सेवा समूह परिवर्त गर्न सक्नेछ।

# अनुसुचि-१
## (दफा २ सँग सम्बन्धित)
## नेपालको संबिधानको धारा २२९(२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम र श्रोतगत
## आय विवरण (क)

| क्र. सं | विवरण | आन्तरिक आय | राजश्व बाँडफाँड | वित्तिय समानीकरण | ससर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ० | १०९१००००१ | ८०२००००० | २०२५०४००० | ० | १५०००००० | ४०६८०४००१ |
| २ | प्रदेश सरकार | ० | ११४५८३७ | ८३२२००० | ० | ० | ० | ९४६७८३७ |
| ३ | बैंक मौज्दात अल्या | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | बारेकोट गाउँपालिका | २३००००० | ० | ० | ० | ० | ० | २३००००० |
| | जम्मा | | | | | | | ४१८५७१८३८ |

# आय र व्यय विवरण (ख)

| आर्थिक वर्ष २०८०।८१को लागि आय र व्ययको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. सं. | आम्दानी (रु.) | | खर्च (रु.) | | | कैफियत |
| १ | ४१८५७१८३८ | | ४१८५७१८३८ | | | |
| ११. | **आम्दानी तर्फ** | | **खर्च तर्फ** | | | |
| १ १.१. | संघीय समानिकरण | ८०२००००० | चालु खर्च | २१७५०४००० | ५१.९६% | |
| १ २.१. | संघ राजस्व बाँडफाँड | १०९१००००१ | पूँजीगत खर्च | २०१०६७८३८ | ४८.०३% | |
| १ ३.१. | प्रदेश समानिकरण | ८३२२००० | **जम्मा** | **४१८५७१८३८** | **१००%** | |
| १ ४.१. | प्रदेश राजस्व बाँडफाँड | ११४५८३७ | | | | |
| १ ५.१. | आन्तरिक आम्दानी (अल्या तथा भुक्तानी बाँकी समेत) | २३००००० | **क्षेत्रगत व्यय (तर्फ .पा.गा)** | | | |
| | **जम्मा** | **२०१०६७८३८** | आर्थिक क्षेत्र | १४१७९८३८ | ११.७१% | |
| | | | सामाजिक क्षेत्र | ६७०३४९३२ | ५५.३६% | |
| | | | पूर्वाधार विकास | २८५६३०६८ | २३.५९% | |
| | | | वन, वातावरण तथा विपद व्यवस्थापन | ३२९०००० | २.७१% | |
| | | | सार्वजनिक सेवा प्रवाह र सुशासन | ८०००००० | ६.६०% | |
| | | | **जम्मा** | १२१०६७८३८ | **१००%** | |
| | | | **कार्यालय सञ्चालन** | ८००००००० | | |
| | | | **कुल जम्मा** | २०१०६७८३८ | | |
| २१. | संघीय ससर्त चालु | ९०००००० | संघीय ससर्त चालु | ९०००००० | | |
| २२. | संघीय ससर्त पूँजीगत | *१९३५०४०००* | संघीय ससर्त पूँजीगत | १९३५०४००० | | |
| २३. | संघीय समपूरक | १५०००००० | संघीय समपूरक | १५०००००० | | |
| २४. | संघीय विशेष | ० | संघीय विशेष | ० | | |
| २५. | प्रदेश ससर्त चालु | ० | प्रदेश ससर्त चालु | ० | | |
| २६. | प्रदेश ससर्त | ० | प्रदेश ससर्त | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पूँजीगत | | पूँजीगत | | |
| २७. | प्रदेश समपूरक | ० | प्रदेश समपूरक | ० | |
| | **जम्मा** | २१७५०४००० | **जम्मा** | २१७५०४००० | |
| | **जम्मा आम्दानी** | ४१८५७१८३८ | **जम्मा खर्च** | ४१८५७१८३८ | |

**आज्ञाले**
**लोकराज खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**